भीमेश्वर नगरपालिकाको

आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको

# पूर्वाभ्यास निर्देशिका

भीमेश्वर नगरपालिका

दोलखा

२०७८

# विषय सूची


मन्तव्य ........ 1

विषय सूची ........ 2

१. पूर्वाभ्यासको परिचय........ 3

१.१ पृष्ठभूमि........ 3

१.२ पूर्वभ्यासको आवश्यकता ........ 3

२. निर्देशिकाको उद्धेश्य, क्षेत्र तथा लक्षित समुह ........ 4

२.१ आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको पूर्वाभ्यास निर्देशिकाको उद्धेश्य ........ 4

२.२ निर्देशिकाले समेटेको क्षेत्र........ 4

२.३ लक्षित समूह........ 5

३. तयारीः पूर्वाभ्यासको पहिलो चरण तथा सम्बन्धित विधिगत कार्यहरु ........ 7

४. विकासः पूर्वाभ्यासको दोस्रो चरण तथा सम्बन्धित विधिगत कार्यहरु ........ 10

५. कार्यान्वयनः पूर्वाभ्यासको तेस्रो चरण तथा सम्बन्धित विधिगत कार्यहरु ........ 14

६. पूर्वाभ्यासको पुनरावलोकन तथा पूर्वाभ्यास पश्चात्को तयारी : पूर्वाभ्यासको पाँचौ चरण तथा सम्बन्धित विधिगत कार्यहरु........ 16

# १. पूर्वाभ्यासको परिचय

## १.१ पृष्ठभूमि

कमजोर भौगर्विक अवस्था, भौगोलिक विषमता, गतिशील उच्च हिमाली क्षेत्र, सक्रिय भूकम्पीय प्रक्रियाहरु र निरन्तर रुपमा परिवर्तनशील जलवायुले नेपाललाई विभिन्न प्रकोपहरु प्रति सम्मुख बनाएको हो । भूकम्प, बाढी, आगलागी, पहिरो, असिना, हावाहुरी, चट्याङ्ग, महामारी, आदि नेपाल सम्मुख रहेका प्रमुख प्रकोपहरु हुन् ।

सन् २०१९मा नेपाल सरकार, एशियाली विपद् पूर्वतयारी केन्द्र र विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्र संघीय निकायद्वारा प्रकाशित दस्तावेज नेपालमा विपद् जोखिम न्यूनीकरणः बस्तुस्थिति प्रतिवेदनमा उल्लेख भए अनुसार विश्वव्यापी जलवायु जोखिम सूचाकांकमा नेपाल चौथौ जोखिम देशको रुपमा रहेको छ भने भूकम्पको घटना हुन सक्ने र त्यसबाट पर्न सक्ने क्षतिको आधारमा नेपाल एघारौं जोखिम देश मानिएको छ । बहुप्रकोप जोखिमलाई हेर्दा समग्रमा नेपाल बढी जोखिम हुने २० वटा देशहरु भित्र पर्ने गरेको छ । यसले गर्दा विपद्को पूर्वतयारी गर्नु  अत्यन्त महत्वपूर्ण देखिन्छ । हरेक वर्ष ५०० भन्दा बढी प्रकोपका घटनाबाट जनधनको क्षति भै देशको विकासमा नै प्रतिकूल असर पर्दै गएको छ ।

प्रकोप सम्मुखता धेरै भएको अवस्था र त्यसमाथि पनि जनसंख्या बृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र प्रकोप जोखिमलाई ध्यान नदिई गरिने विकास निर्माणका कार्यहरूले विपद्को जोखिम निरन्तर रुपमा बढ्दै गएकोछ ।

## १.२ पूर्वभ्यासको आवश्यकता

घरधुरी, परिवार वा स्थानीय समाज तथा सरकारले व्यवस्थापन गर्न नसकेको खण्डमा प्रकोपहरु विपद्को रुपमा परिवर्तित हुन्छन् । तर पूर्वतयारीका कार्यहरु गर्न सकिएको खण्डमा विपद्बाट हुने क्षति न्यून गर्न र विपद् व्यवस्थापन कार्यलाई अझ प्रभावकारी रुपमा सम्पादन गर्न सकिन्छ । यसै क्रममा नेपालले विभिन्न प्रकोपबाट सिर्जित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था गरेको छ र पूर्वतयारीको लागि पर्याप्त आधार तयार गरेको छ ।

मुख्य कानूनी तथा नीतिगत व्यवस्थामध्ये *विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४* ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई समन्वयात्मक तथा प्रभावकारी बनाउन संस्थागत तथा संरचनागत व्यवस्था गरेको छ । **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६** ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा भएका प्रावधानलाई कार्यान्वयन गर्न थप व्यवस्थाहरु गरेको छ । यस नियमावलीमा कार्यकारी समिति, विपद् व्यवस्थापन प्राधिकरण, जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिको थप काम, कर्तव्य र अधिकार, विशेषज्ञ समिति सम्बन्धी व्यवस्था, जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय सम्बन्धी व्यवस्था, सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको थप दायित्व, जिल्ला विपद् व्यवस्थापन कोष लगायतको प्रावधानहरु समावेश गरिएको छ । त्यसैगरी भीमेश्वर नगरपालिकाबाट जारी गरिएको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ले पनि  विपद् व्यवस्थापनमा नगरपालिकालाई कानुनी आधार तय गरेको छ ।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६७ (संशोधन २०७६)** ले योजनाको स्थानीय स्तरमा तयार गरिनुपर्ने पूर्वतयारी तथा प्रतिकार्य योजनाको अवधारणागत ढाँचा प्रस्ताव गरेको छ । यसै ढाँचा अनुसार स्थानीय तहमा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धी योजना तथा तत् सम्बन्धी कार्यविधिहरु तयार गरिएका हुन्छन् । यी योजनाहरुमा सामान्यतया विपदले निम्त्याउन सक्ने परिदृश्यहरु समेत समावेश भएका हुन्छन् । यिनै योजना तथा कार्यविधिलाई प्रकोपले निम्त्याउने आपत्कालीन अवस्था आउनु अघि नै परिक्षण गर्न आवश्यक पूर्वाभ्यास गर्न सकिएमा योजना तथा कार्यविधिलाई प्रकोपबाट सिर्जित आपतकालीन अवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुग्छ ।

भीमेश्वर नगरपालिकाले आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना भर्खर तर्जुमा गरेको छ । योजना कार्यान्वयनको लागि स्पष्ट संरचना पनि तयार भएको छ र संरचनाको कार्यविधि पनि उक्त योजनामा समावेश गरिएको छ । नगरपालिकामा हुन सक्ने आपत्कालीन अवस्थाको परिदृश्यका आधारमा तयार भएको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई सरोकारवालाहरुलाई एकै स्थानमा भेला गरी कृत्रिम घटनाको परिदृश्यको आधारमा अन्तरक्रियात्मक अथवा छलफल विधिबाट पूर्वाभ्यास गरी पूर्वतयारी तथा तथा प्रतिकार्य योजनालाई परिक्षण गर्न सहयोग पुऱ्याउँन यस निर्देशिका तयार गरिएको हो ।

## २. निर्देशिकाको उद्धेश्य, क्षेत्र तथा लक्षित समुह

### २.१ आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको पूर्वाभ्यास निर्देशिकाको उद्धेश्य

हाल विभिन्न संस्थाहरुले विभिन्न प्रकारको विधिबाट आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी पूर्वभ्यास गर्दै गराउँदै आएको र यसले गर्दा पम्यजसो पूर्वाभ्यास सम्बन्धी न्यूनतम विधिको पालना नभएको एवं सम्बन्धित सरोकारवालाहरुलाई आफ्नो भूमिका निर्वाह गर्न कठिनाई भएको पाइएको छ । यस परिप्रेक्ष्यलाई ध्यान दिंदै यस निर्देशिकाको उद्देश्य भनेको नगरपालिकास्तरमा रहेका सबै सरोकारवालाहरुलाई योजनाको पूर्वाभ्यास सम्बन्धी एकरुपको मार्गदर्शन प्रदान गर्नु रहेको छ ।

निर्देशिकाका विशिष्ट उद्धेश्यहरु तल दिइएका छन् ।

- क) आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना सम्बन्धी पूर्वाभ्यासमा विभिन्न तह तथा स्तरमा ध्यान दिनुपर्ने प्रमुख चरणहरु तथा ती चरणमा गरिनुपर्ने प्रमुख क्रियाकलापहरु माथि मार्गदर्शन प्रदान गर्ने ।
- ख) पूर्वाभ्यासमा सहजीकरण तथा समन्वय गर्ने, नेतृत्व गर्ने तथा क्रियाशील रुपमा सहभागी हुने सरोकारवाला, समुह तथा संस्थाको भूमिका स्पष्ट पार्ने ।
- ग) पूर्वाभ्यासको क्रममा भएका सिकाईहरुलाई आत्मसाथ गरी पूर्वाभ्यास तथा वास्तविक पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन आवश्यक सुधारका क्षेत्रहरु पहिचान गर्न आवश्यक निर्देशन प्रदान गर्ने ।

### २.२ निर्देशिकाले समेटेको क्षेत्र

आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको पूर्वाभ्यास विभिन्न प्रकारबाट गर्न सकिन्छ । पूर्वअभ्यास सम्बन्धी प्रचलित विधिहरु तल दिइएका छन् ।

क) अन्तरक्रियात्मक अथवा छलफल विधिमा आधारित अभ्यास (table top simulation):

ख) कृत्रिम घटना अभ्यास (drill)

ग) क्रियाशिल भूमिका अभ्यास (functional exercise)

घ) सीमित प्रकृतिको पूर्वाभ्यास (field exercise)

ङ) पूर्ण प्रकृतिको पूर्वाभ्यास (full scale exercise)

माथि दिइएका विभिन्न पूर्वाभ्यासका किसिममध्ये तिनको उद्धेश्य, तिनले समेट्ने व्यापकता र तिनबाट हुने अपेक्षित एकिकृत उपलब्धीलाई आधार मान्दा अन्तरक्रियात्मक अथवा छलफल विधिमा आधारित अभ्यासलाई प्रारम्भिक अभ्यास मानिने हुँदा यस निर्देशिकामा यही विधिमा आधारित पूर्वाभ्यास सम्बन्धी विस्तृत निर्देशन उल्लेख गरिएको छ ।

यसका साथै यस निर्देशिकाले कुनै एक प्रकारको आपत्कालीन अवस्थालाई मात्र हेरेको छैन । भीमेश्वर नगरपालिकाको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनामा आपत्कालीन अवस्था ल्याउने प्राथमिक प्रकोपहरुको हानी नोक्सानी प्रस्ताव गरिएको हुँदा ती प्रकोप सम्बन्धी आपत्कालीन अवस्थाको पूर्वाभ्यास गर्न यस निर्देशिका केन्द्रित रहेको छ । तर पनि यदि अन्य प्रकोपले अन्य आपत्कालीन अवस्था आएको खण्डमा पनि आवश्यकता अनुसार अनुकुलन गर्दै ती प्रकोपको लागि पूर्वाभ्यास गर्न सकिन्छ ।

### २.३ लक्षित समूह

यस निर्देशिकाका प्रयोग गर्ने लक्षित समुहहरु यसप्रकार रहेका छन् ।

क) जिल्ला स्तरीय सरकारी निकायहरु तथा समितिहरु,: जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित विभिन्न विषयगत क्षेत्रमा कार्य गर्ने सरकारी कार्यालयहरु, सुरक्षा निकाय एवं विशिष्ट सेवा प्रदान गर्ने निकाय तथा संरचनाहरु

ख) नगरपालिकास्तरीय सरकारी निकायहरु तथा समितिहरु: नगरपालिकास्तरीय शाखाहरु, जनप्रतिनिधिबाट तर्जुमा गरिएका विषयगत समितिहरु, पालिकास्तरीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिहरु


ग) जिल्ला तथा पालिका स्तरीय संघ/सस्थाहरु: नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्था, नीजि क्षेत्रसँग सम्बन्धित संघ/सस्थाहरु, महिला तथा आमा समुह, युवा, बालबालिका, ज्येष्ठ नागरिकसँग सम्बन्धित संस्थाहरु, अपाङ्गता भएका व्यक्ति, एकल महिला, पिछडिएका समुदायका संघ/संस्थाहरु, टोल विकास संस्था, आदि

घ) समुदाय: आपत्कालीन अवस्थामा जोखिममा रहेका वा रहन सक्ने समुदायका प्रतिनिधिमूलक सदस्यहरु

ङ) अन्यः आपत्कालीन व्यवस्थापनमा कार्यरत वा प्रभावित हुन सक्ने अन्य कुनै पनि संस्था, समिति, समूहहरु

३. तयारी: पूर्वाभ्यासको पहिलो चरण तथा सम्बन्धित विधि

अन्तरक्रियात्मक अथवा छलफल विधिमा आधारित पूर्वाभ्यासका चरणहरु मध्ये पहिलो चरण तयारी चरण हुनेछ । यस सम्बन्धी प्रमुख विधिको विवरण तल दिइएको छ ।

| **प्रमुख कार्यहरु** | **विस्तृत विवरण** |
|---|---|
| १: पूर्वाभ्यासको समन्वयको लागि एक समुह गठन गर्ने | नगरस्तरीय विपद् व्यवस्थापन समितिको निर्देशन र नगरपालिका स्तरीय सरोकारवालाहरुको सहभागीतामा समग्र पूर्वाभ्यासलाई नेतृत्व गर्न तथा अभ्यास सहजीकरणको लागि नगरको विपद् शाखा, नीजि, गैरसरकारी तथा समुदायको प्रतिनिधित्व हुने गरी पूर्वाभ्यास संयोजन समुह गठन गर्ने । यस समुहको संरचना तल प्रस्ताव गरिएको छ ।<br><br>**पूर्वाभ्यास संयोजन समुहको संरचना** |
| २. गठित समूहका जिम्मेवारीहरु प्रपट पार्ने वा एउटा Terms of Reference तयारण गर्ने | पूर्वाभ्यास सम्बन्धी कार्यको संयोजन गर्न संयोजक तथा पूर्वाभ्यासको लागि आवश्यक व्यवस्थापन मिलाउन प्रशासन तथा बन्दोबस्ती, अभ्यासको प्राविधिक तयारी र अभ्यासको लागि आवश्यक सुरक्षा प्रबन्धको जिम्मेवारी समुहका विभिन्न सदस्यहरुलाई दिने ।<br><br>पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाका प्रमुख वा सदस्यले संयोजकको भूमिका निर्वाह गर्न सक्ने तर संयोजकको छनौट गर्दा प्रकोपको बारेमा जानाकारी राखेको र विगतमा पनि पूर्वाभ्यासहरु सहजीकरण गरेको वा पूर्वाभ्यासमा भाग लिएको व्यक्तिको छनौट गर्दा राम्रो हुने ।<br><br>प्रशासन तथा बन्दोबस्ती सम्बन्धी जिम्मेवारीमा पूर्वाभ्यासको लागि उपयुक्त स्थान स्थान छनौट गर्ने, मसलन्दको व्यवस्थापन गर्ने जस्ता कार्यको तयारी गर्ने । |

| | |
|---|---|
| | सुरक्षाको लागि पूर्वाभ्यास स्थलको सुरक्षा व्यवस्था तथा पूर्वाभ्यासको क्रममा हुने जोखिमहरु पहिचान गर्ने र न्यूनीकरणका उपायहरु तयार गर्ने । यसको लागि नगरपालिका वा नगर प्रहरीका प्रतिनिधि सम्मिलित गराउने ।<br><br>पूर्वाभ्यासको क्रममा संलग्न हुने सहभागी छनौट गर्ने, अभ्यासको क्रममा आवश्यक निर्देशन दिने र आवश्यकता अनुसार पूर्वाभ्यास नियन्त्रण गर्ने र पूर्वाभ्यासलाई अवलोकन गर्ने र मूल्याँकन गर्ने जिम्मेवारी पनि समुहका सदस्यलाई तोक्ने ।<br><br>पूर्वाभ्यास नियन्त्रण गर्ने जिम्मेवारी खोज तथा उद्धार विषयगत क्षेत्र (कार्यटोली) का सदस्यलाई, अवलोकन तथा मूल्याँकन गर्न नगरस्तरीय आपत्कालीन कार्यसञ्चालन केन्द्रका सदस्यलाई जिम्मेवारी दिने |
| ३: पूर्वाभ्यासको लागि आवश्यक थप समुह पहिचान गर्ने | नगरपालिका स्तरीय आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना सम्बन्धी संरचनालाई आधार मानी विभिन्न समिति वा विषयगत क्षेत्र (कार्यटोली) गठन भएको सुनिश्चित गर्ने र तिनीहरुको विवरण अद्यावधिक गर्ने ।<br><br>कम्तिमा पनि ५ जना सम्मिलित विभिन्न विषयगत क्षेत्रले पूर्वाभ्यासको क्रममा विषयगत क्षेत्रमा खेल्नुपर्ने भूमिका आत्मसाथ गर्ने विषयमा अभिमुखिकरण सुनिश्चित गर्ने ।<br><br>आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाले निम्नानुसारका विषयगत क्षेत्रहरु निर्धारण गरेकोले सबै विषयगत क्षेत्रको सहभागिता सुनिश्चित गर्न यी विषयगत क्षेत्रहरु गठन भएको हुनुपर्ने ।<br>1. स्वास्थ्य, पोषण, शिक्षा तथा संरक्षण<br>2. खाद्य सुरक्षा तथा शिघ्र पुनर्लाभ विषयगत क्षेत्र<br>3. खोज तथा उद्धार, शिविर व्यवस्थापन तथा<br>4. बन्दोबस्ती विषयगत क्षेत्र |
| ४. सरोकारवालाको सहभागिता सुनिश्चित गर्न परामर्श गर्ने | पालिका स्तरमा पूर्वाभ्यासको लागि गठित संयोजन समुह मार्फत नगरपालिका स्तरीय आपतकालीन कार्यसञ्चालन केन्द्रको अगुवाइमा कम्तिमा पनि निम्नानुसारका सरोकारवालाहरुसँग पूर्वाभ्यास सम्बन्धी समन्वय गर्ने: जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र, स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र, रेडक्रस, सबै सुरक्षा निकाय, स्थानीय समुदाय, नगरप्रहरी, नीजि क्षेत्र, गैरसरकारी संस्था, विषयगत क्षेत्र, स्वयंसेवक, प्राविधिक कार्यालयहरु, सञ्चारकर्मी, एम्बुलेन्स तथा अग्नि नियन्त्रण सेवा प्रदायकहरु, आदि<br><br>समन्वयको क्रममा उनीहरुको भूमिका तथा उनीहरुसँग भएको श्रोत तथा क्षमताको पनि लेखाजोखा गर्ने । |
| ५. पूर्वाभ्यासको लागि उपयुक्त स्थानको छनौट | अन्तरक्रियात्मक अथवा छलफलमा आधारित अभ्यासको लागि ३० देखि ४० जना सहभागी अट्ने प्रमुख सभाकक्ष तथा विभिन्न कार्यटोली तथा विभिन्न भूमिका निर्वाह गर्ने सहभागीको लागि साना हलहरु भएको स्थान छनौट गर्ने । |

| | |
|---|---|
| गर्ने | पूर्वाभ्यासको लागि छनौट गरिएको स्थान अपांगता भएका व्यक्ति तथा अन्य विशेष आवश्यकता भएका सहभागीहरुको पहुँच हुनुपर्ने ।<br><br>पूर्वाभ्यासको लागि छनौट गरिएको स्थानमा आवश्यक मसलन्द, औजार तथा कुर्ची टेबल भएको सुनिश्चित गर्ने । |

## ४. विकासः पूर्वाभ्यासको दोस्रो चरण

वास्तविक पूर्वाभ्यास गर्नुअघि पूर्वाभ्यास सम्बन्धी थप तयारी आवश्यक हुन्छ । पूर्वाभ्यासको विकास चरणमा निम्नानुसार प्रमुख कार्यहरु गरिनुपर्दछ ।

| **प्रमुख कार्यहरु** | **विस्तृत विवरण** |
|---|---|
| १. घटना परिदृश्य निर्माण गर्ने | 1. आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भएको मुख्य प्रकोप सम्बन्धित हानी नोक्सानी भारलाई आधार मानी त्यसमा आवश्यकता अनुसार आपत्कालीन अवस्थाको परिदृश्य तयार गर्ने ।<br><br>2. परिदृश्यको मुख्य विवरण तथा सहायक विवरण तयार गर्दा तलको पक्षलाई समावेश गर्ने<br><br>3. स्थानको सामान्य विवरण र जानकारी<br>4. प्रभावित हुने सक्ने सम्भाव्य जंनसख्या, लैगिक, उमेर समुह अनुसार, भाषा संस्कृति र आर्थिक सामाजिक परिवेश<br>5. मानवीय श्रोत साधन, यातयात, सञ्चार, कानुनी व्यवस्था<br>6. जोखिम हुन सक्ने सम्भाव्य क्षेत्र<br>7. क्षतिको विवरण, पूर्व घटनाबाट भएको क्षति र अन्य आपतकालीन आवश्यकता<br>8. संघसँस्थाको उपस्थिति राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/सस्थाहरुको उपस्थिति<br>9. अन्यः सुरक्षा अवस्था, बन्दोबस्ती समस्या |
| २. परिदृश्यसँगै विपद्को समयमा थपिने घटना तथा अवस्थाको तयारी गर्ने | **भुकम्प**<br>क) भूकम्पको आकारः ७.८ रेक्टर स्केल<br><br>ख) भूगोलः  सबै नगरपालिका क्षेत्र र विशेष गरी बजार क्षेत्र<br><br>ग) संभावित मानवीय क्षतिः ४० जना<br>घ) संभावित घाइते तथा चोटपटक लागेका व्यक्तिः ४०० जना<br>ङ) स्थानान्तरण गर्नुपर्ने संभावित परिवार संख्याः २५ घर<br>च) विभिन्न क्षेत्रमा हुन सक्ने क्षति<br>अ) निजी घर क्षतिः २०० घर<br>आ) सरकारी भवन क्षतिः २५<br>इ) खानेपानीको अभाव हुने घरः ४०० घर<br>ई) खाद्यान्न भण्डारण मा असर पर्ने परिवारः ४०० घर<br>उ) पोषणयुक्त खानाबाट प्रभावित हुने संख्याः ४०० घर<br>ऊ) विशेष आवश्यकताबाट बञ्चित हुन सक्ने बालबालिका, अपांगता भएका व्यक्ति, ,<br>ए) गर्भवती तथा सुत्केरी महिला, आदिको संख्याः १२,००० जना |

| | |
|---|---|
| | **बाढी तथा पहिरो**<br><br>क) प्रकृतिः भिरालो तथा नदी तटीय क्षेत्र<br><br>ख) भूगोलः बोसिम्पा, वुमा, फेदी, कोटेपोले, डोलागाउँ, जुगे, पंधेरा, गगरेङ, दामाराङ, गैरे, थोक माने, पुला, सुन्द्रवती, थाङ्ने, खहरे, कुथली, टाकासिंह खोलको तटीय क्षेत्र, रामशाह र लोकथली, चिसापानी, मरेङ र साङ खोला जैसी गाउँ र सख्वाधरशाख्वा चोक क्षेत्र, सिमसार, डाँडा गाउँ टोल र डि टोल, फस्मी, लाम्पाट खुलो खोला क्षेत्र, चर्नावती खोला क्षेत्र, साखीनि, टादी, फुलुङ्ग क्षेत्र, ठुल्नागी कालिमाटि, खैरे, चरङ्गे खोला क्षेत्र, गोगने, दारेगौर, दिमाल र स्याासी, दारेगौरा, कुतकुते, भस्मे क्षेत्र<br><br>ग) संभावित मानवीय क्षतिः २० जना<br>घ) संभावित घाइते तथा चोटपटक लागेका व्यक्तिः १५० जना<br>ङ) स्थानान्तरण गर्नुपर्ने संभावित परिवार संख्याः ४० घर<br>च) विभिन्न क्षेत्रमा हुन सक्ने क्षति<br>अ) प्रभावित घरहरुः १५घर<br>आ) खानेपानीको अभाव हुने घरः ४० घर<br>इ) खाद्यान्न भण्डारण मा असर पर्ने परिवारः २० घर<br>ई) पोषणयुक्त खानाबाट प्रभावित हुने संख्याः ४० घर<br>उ) विशेष आवश्यकताबाट बञ्चित हुन सक्ने बालबालिका, अपांगता भएका व्यक्ति, , गर्भवती तथा सुत्केरी महिला, आदिको संख्याः ७२ जना<br>**आगलागी**<br>क) प्रकृतिः नीजि निवास, गोठ, सार्वजनिक भवन, सामुदायिक भवन, कलकारखाना, वन क्षेत्र आदि<br>ख) भूगोलः नगरपालिकाका सबै वडाहरु र विशेष गरी बजार क्षेत्र<br>ग) संभावित मानवीय क्षतिः ९ जना<br>घ) संभावित घाइते तथा चोटपटक लागेका व्यक्तिः ४५ जना<br>ङ) स्थानान्तरण गर्नुपर्ने संभावित परिवार संख्याः १८ घर<br>च) विभिन्न क्षेत्रमा हुन सक्ने क्षति<br>अ) प्रभावित घरहरुः ३६ घर<br>आ) खानेपानीको अभाव हुने घरः ४० घर<br>इ) खाद्यान्न भण्डारणमा असर पर्ने परिवारः ३६ घर<br>ई) पोषणयुक्त खानाबाट प्रभावित हुने सुत्केरी महिलाको संख्याः १० घर<br>उ) विशेष आवश्यकताबाट बञ्चित हुन सक्ने बालबालिका, अपांगता भएका व्यक्ति, , गर्भवती तथा सुत्केरी महिला, आदिको संख्याः ३६ जना |

| | |
|---|---|
| ३. भूमिका तथा जिम्मेवारीहरु तय गर्ने | सबै सरोकारवालाहरुको जिम्मेवारीहरु तयार गर्ने । जिम्मेवारीहरु संक्षिप्त तथा स्पष्ट रुपमा उल्लेख गनुपर्ने (अभ्यासको क्रममा मिल्दोजुल्दो जिम्मेवारी सहभागीबाट थपिन सक्ने विषयलाई आत्मसाथ गर्ने)। जिम्मेवारीहरु आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यको सांगठनिक संरचना तथा कार्यविधिहरुमा आधारित हुनुपर्ने ।<br><br>जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रमूख जिल्ला अधिकारी, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, सञ्चार माध्यम, राष्ट्र संघीय निकाय तथा अन्य मानवीय संसस्था, दातृ निकाय,आदिको पनि जिम्मेवारी राखी अभ्यासमा सहभागी गराइने । |
| ३. आवश्यक सामाग्रीहरु अभ्यास स्थलमा पुराउने | स्टेशनरी, घटनाको परिदृश्य तथा विकसित घटनाक्रम सम्बन्धी सामाग्री, आवश्यकता अनुसार घटना हुने क्षेत्रको नक्शा, जोखिम न्यून गर्ने साधन, भूमिका निर्वाह गर्न आवश्यक पर्ने अन्य साधनहरु, आदि तयार गरी अभ्यासको अघिल्लो दिनमा नै अभ्यासस्थलमा पुराउने ।<br><br>पूर्वाभ्यासको लागि उदाहरणको रुपमा तल दिइए अनुसारको श्रोत तथा सामग्री व्यवस्थापन गर्न सकिने<br>1. डटपेन –४५ वटा<br>2. कापी–४५ प्रति<br>3. मेटाकार्ड –१०० वटा<br>4. मार्कर –४ दर्जन<br>5. न्यूजप्रिन्ट –५० देखि ६०<br>6. फोटोकपी पेपर –२ रिम<br>7. कुर्ची टेवल –५० वटा जति र साना हलमा १० वटा प्रति हलका दरले<br>8. एम्बुलेन्स - १ वटा<br>9. दमकल - १ वटा -आवश्यकता अनुसार<br>10. टेन्ट १० वटा जति (आर्मी, प्रहरी वा सशस्त्र अथवा कहाँ पाइन्छ व्यवस्था गर्ने)<br>11. नगर विपद् व्यवस्थापनका वैठकका लागि र सहभागीहरुको हाजिरीका लागि हाजिरी कापी -२ वटा<br>12. नेम होल्डर<br>13. आवश्यक फारम<br>14. प्राथमिक उपचार सामाग्री २ सेट<br>15. आगो निभाउने यन्त्र कम्तिमा १ थान<br>16. सुरक्षा निकाय र रेडक्रसमा समन्वय गरी उद्धार सामग्री (वेल्चा, गैती, वाल्टी, डोरी) |
| ४. सहभागीहरुलाई निमन्त्रणा पठाउने र | माथि उल्लेखित विभिन्न सरोकारवालाहरुलाई नगर विपद् व्यवस्थापन समितिका अध्यक्ष मार्फत पूर्वाभ्यासमा सहभागी हुन कम्तिमा पनि एक महिना अघि |

| | |
|---|---|
| अन्य अन्तिम तयारी गर्ने । | औपचारिक निमन्त्रणा पत्र पठाउने । सम्भावित सहभागीहरुलाई भेटेर वारम्वार सहभागिताको लागि सम्भाउने ।<br><br>पूर्वाभ्यासको ५ दिन अघि सबै सहभागीको सूची तयार गर्ने । पूर्वाभ्यासको २ दिन अघि कार्यक्रम तालिका, अभ्यासको लागि भएको सम्पूर्ण पूर्वतयारी, सहजीकरण गर्ने भूमिकामा स्पष्टता, सहभागीलाई प्रदान गरिने निर्देशन आदिको अन्तिम पुनरावालोकन गर्ने ।<br><br>पूर्वाभ्यासको दिनमा उपस्थित हुने मुख्य अतिथिहरुलाई पूर्वाभ्यासको आवश्यकता, प्रक्रिया, सहभागीको प्रकृति तथा संख्या तथा अतिथिले गर्नुपर्ने स्वागत मन्तव्यलाई समेत समेटेर जानकारी उपलब्ध गराउने । |

## ५. कार्यान्वयनः पूर्वाभ्यासको तेस्रो चरण

पूर्वाभ्यासको आवश्यक तयारी पश्चात् वास्तविक पूर्वाभ्यास गरिनुपर्छ । यस प्रकारको पूर्वाभ्यास २ देखि ३ घण्टामा गर्न सकिनेछ । पूर्वाभ्यास कार्यन्वयन गरिने अवधिमा यस प्रकारका प्रमुख कार्यहरु गरिनुपर्छ ।

| **प्रमुख कार्यहरु** | **विस्तृत विवरण** |
|---|---|
| १. पूर्वाभ्यासको स्वागत सत्र संचालन गर्ने | पूर्वाभ्यास कार्यक्रमलाई सामुहिक सत्रको रुपमा प्रारम्भ तथा स्वागत सत्र संचालन गर्ने ।<br><br>सहभागी परिचय, स्वागत मन्तव्य तथा पूर्वाभ्यासको उद्देश्यमाथि प्रकाश पारेपछि व्यवस्थापकीय सूचना समेत पूर्वाभ्यासका नियमहरु जानाकारी गराउने ।<br><br>पूर्वाभ्यास संयोजन समुह मार्फत पूर्वाभ्यासको लागि आवश्यक पृष्ठभूमिलाई संक्षिप्तमा उल्लेख गरी अभ्याससँग सम्बन्धित सहभागीहरुको प्रश्नहरुमाथि छलफल गर्ने ।<br><br>प्रारम्भ तथा स्वागत सत्रका प्रमुख अतिथि तथा अन्य मुख्य अथितिबाट संक्षिप्तमा मन्तव्य राख्न आग्रह गरी प्रारम्भ सत्र समापन गर्ने । |
| २. पूर्वाभ्यास प्रारम्भ भएको जानाकरी दिने र सम्बन्धित निर्देशन दिने | सहभागीहरु के कस्तो कार्यटोली वा समुहमा छन् भन्ने जानाकारी दिने र उक्त टोलीलाई मात्र उनीहरुको आफ्नो जिम्मेवारी वा उनीहरुबाट अपेक्षा गरिएको विषयवस्तु जानाकारी गराउने । यसको लागि पूर्वाभ्यास संयोजन समुहका सबै सदस्यहरुलाई परिचालन गर्ने ।<br><br>पूर्वाभ्यासलाई समय, अपेक्षित रुपमा भएको प्रगति तथा बीचमा आउने जोखिमहरु व्यवस्थापन गर्न छनौट गरिएका समुहलाई पनि जिम्मेवारी बोध गराउने । यस कार्यको लागि आवश्यक फारम, सूचना तथा सामाग्रीहरु सम्बन्धित समुहलाई उपलब्ध गराउने ।<br><br>पूर्वाभ्यासको लागि विपद्को घट्ना पश्चात हुने परिवर्तनशील अवस्थाको वारेमा टेलिफोन, माइक वा छापिएको सामाग्रीबाट सूचना आउने सबै सहभागीहरुमा जानाकारी गराउने ।<br><br>सबै सहभागीहरुले बुझ्ने गरी मुख्य परिदृश्यको जानाकारी दिने । |
| ३. आपत्कालीन अवस्थाले पारेको परिवर्तित असरको वारेमा | पूर्वाभ्यासको लागि विपद्को घटना पश्चात् हुने गतिशील अवस्थाको वारेमा माइक वा छापिएको सामाग्रीबाट सूचना दिने । |

| | |
|---|---|
| जानाकारी गराउने | |
| ४. पूर्वाभ्यास नियन्त्रण तथा मूल्याँकन कार्य भएको सुनिश्चित गर्ने | पूर्वाभ्यासलाई समय, अपेक्षित रुपमा भएको प्रगति तथा बीचमा आउने जोखिमहरु व्यवस्थापन गर्न छनौट गरिएका समुहलाई आवश्यक फारम, सूचना तथा सामाग्रीहरु उपलब्ध गराई अभ्यासको क्रमममा नै मूल्याँकन गर्न लगाउने ।<br><br>समन्वय बैठक, निर्णयको समय सीमा, समुहको तेतृत्व, सञ्चार तरीका, आदि समेतलाई आधार मानी तत् सम्बन्धी फाराम प्रयोग गरी मूल्याँकन गर्ने । |
| ५. पूर्वाभ्यास कार्यलाई सम्पन्न गर्ने | परिदृश्य तथा क्रमिक रुपमा विकास भएका थप घटनाको आधारमा सहभागी समूहहरुले कार्य सम्पादन गरेपछि वा दिइएको समय समाप्त भएपछि पूर्वाभ्यास संयोजन समुहका संयोजकले तत्कालको लागि पूर्वाभ्यास कार्य सम्पन्न भएको जानाकारी दिने ।<br><br>सन्दर्भको रुपमा रहेको परिदृश्य तथा क्रमिक रुपमा विकास भएका थप घटनाको आधारमा विपद् व्यवस्थापन समितिको बैठक भएको, विभिन्न कार्यटोलीहरुलाई क्रियाशील बनाएको, कार्यटोलीले आफ्नो जिम्मेवारी पूरा गरेको वा पुरा गर्ने प्रयास गरेको, आपतकालीन कार्यसञ्चालन केन्द्रले संयोजनकारी भूमिका खेलेको, द्रुत लेखाजोखा भएको, खोज तथा उद्धार कार्य भएको, प्राथमिक उपचार भएको र थप उपचारको लागि स्वास्थ्य सेवा प्रदायकमा रिफर गरेको, अन्य विषयगत क्षेत्रका कार्यटोलीले आफ्नो जिम्मेवारी पुरा गरेको वा पुरा गर्ने प्रयास गरेको अवस्थालाई आधार मानी पूर्वाभ्यास कार्य समापन भएको घोषणा गर्ने । |

## ६. पूर्वाभ्यासको पुनरावलोकन तथा पूर्वाभ्यास पश्चात्को तयारी : पूर्वाभ्यासको पाँचौ चरण

विपद् सम्बन्धी पूर्वाभ्यास सम्पन्न भएपछि पूर्वाभ्यासको पुनरावलोकन गरी तत् पश्चात्का कार्यहरु सम्बन्धी तयारी गनुपर्ने हुन्छ । यस क्रममा अबलम्बन गरिने प्रमुख कार्यहरु यस प्रकार रहेका छन् ।

<table>
<tr><th>प्रमुख कार्यहरु</th><th>विस्तृत विवरण</th></tr>
<tr><td>१. पूर्वाभ्यासको वारेमा सहभागी वीचमा अनुभव साटासाट गर्न लगाउने</td><td>अभ्यासको क्रममा सहभागीहरुको कस्तो अनुभव भयो, के कस्ता चूनौतिहरु आए, र आगामी दिनमा अभ्यासको लागि के गर्दा राम्रो हुन्छ भनी सहभागीहरुलाई सोध्ने र सो को टिपोट गर्ने ।</td></tr>
<tr><td>२ मूल्याँकन तथा प्रतिवेदन प्रस्तुत गर्ने</td><td>अभ्यास शुरु हुन भन्दा अगाडि नै सहजकर्ताबाट घटना परिदृश्यको आधारमा रही मुल्याङ्गन फारम तयार गरी विपद् व्यवस्थापना अनुभवी र ज्ञान प्राप्त भएको व्यक्तिलाई सो फारम उपलब्ध गराइ निजबाट मुल्याङ्गन समेत गरिने भएकोले मुल्याङ्गनकर्ताबाट राम्रा पक्ष र सुधार गर्न सकिने पक्षमा प्रस्तुती गर्न लगाउने ।<br><br>मूल्याँकन फारमको नमूना यस प्रकार हुन सक्नेछ ।<br><br>
<table>
<tr><th>मूल्याँकन प्रश्न</th><th>नोट</th></tr>
<tr><td>जिल्ला विपद् व्यवस्थापन समितिको बैठक समयमा भयो भएन</td><td></td></tr>
<tr><td>नगर विपद् व्यवस्थापन समिति वैठक समयमा भयो भएन</td><td></td></tr>
<tr><td>विषयगत क्षेत्र समयमा नै परिचालन भयो वा भएन</td><td></td></tr>
<tr><td>दमकललाई खवर भयो भएन</td><td></td></tr>
<tr><td>खोज उद्धार टोली समयमा नै खटाइयो वा खटाइएन</td><td></td></tr>
<tr><td>दुत सर्भेक्षण टोली खटाइयो वा खटाइएन</td><td></td></tr>
<tr><td>श्रोत साधनको वारेमा के निर्णय भयो</td><td></td></tr>
</table>
</td></tr>
</table>

| | | |
|---|---|---|
| | नगर स्तरीय आपत्तकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपतकालीन केन्द्र र राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द वीच समन्वय भयो कि भएन | |
| | प्रभावितलाई सुरक्षित स्थानमा लगियो कि लगिएन | |
| | एम्वुलेन्सलाई खवर भयो भएन | |
| | स्वास्थ्य टोली परिचालन भयो भएन | |
| | दुत सवेक्षण टोली प्रतिवेदन आधारमा प्रतिकार्य गरियो गरिएन | |
| | सुरक्षाका लागि सुरक्षा निकायमा खवर भयो भएन | |
| | प्राथमिक उपचार भयो भएन | |
| | अनुगमन भयो भएन | |
| ३. सुधारात्मक कार्यहरु पहिचान गर्ने | मुख्य निर्णयहरु कसरी लिइएका थिए, के ती निर्णयहरु प्रभावकारी थिए, सहभागीको सहभागिता कस्तो थियो, सूचना तथा सञ्चार कसरी गरिएको थियो र त्यो प्रभावकारी थियो कि थिएन, मूल्याँकनकर्ताको मुख्य सिकाई के थियो, के कस्ता चूनौति आएका थिए, ती चूनौतिलाई कसरी राम्रोसँग सम्बोधन गर्न सकिन्थ्यो जस्ता सवाललाई आधार मानी सुधारात्मक क्रियाकलापहरुको पहिचान गर्ने । | |
| ४. पूर्वाभ्यासको लागि आगामी योजना तर्जुमा गर्ने | आगामी समयमा यस प्रकारको अभ्यासमा सुधार गर्न के गर्नुपर्छ र त्यसको जिम्मेवारी कसको हुनेछ भन्ने विषयमा छलफल गरी कार्ययोजना तर्जुमा गर्ने ।<br><br>अर्को अभ्यास कहिले गर्ने भन्ने सम्बन्धी निर्णय गर्ने । | |
| ५. कार्यक्रम समापन गर्ने | अतिथि, सहभागी तथा पूर्वाभ्यास संयोजन गर्ने समुहका प्रतिनिधिको मन्तव्य तथा प्रतिबद्धता अपेक्षा गर्दै पूर्वाभ्यास कार्यक्रमको अन्त्य गर्ने ।<br><br>कार्यक्रमको अन्त्य गर्नु अघि कार्ययोजना अनुसार सबैले जिम्मेवारी लिनुपर्नेमा जोड दिने । | |